सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १२ - ०७७/७८ मितिः २०७७/०९/२८

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ः नदी जन्य पदार्थ निकासी सम्बन्धमा ।

प्रस्ताव नं. २ः रेसुङ्गा नगरपालिकालाई पि. सि. आर. मेसिन व्यवस्थापन रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ३ः सभाहल पार्टिसन लगायत अन्य व्यवस्थापनको लागि रकम विनियोजन सम्बन्धमा।

प्रस्ताव नं. ४ः आयोजना कार्यान्वयन विधि सम्बन्धमा।

प्रस्ताव नं. ५ः लागत सहभागिताको रकम व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ६ः सडक अतिक्रमण सम्बन्धमा।

प्रस्ताव नं. ७ः श्रीकृष्ण निर्माण सेवाको खैरेनी बजार पिचको VO सम्बन्धमा ।

प्रस्ताव नं. ८ः विविध सम्बन्धमा ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

<u>निर्णयहरु:</u>

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा नदी जन्य पदार्थको निकासी सम्बन्धमा दुई पटक बोलपत्र आह्वान गर्दा बोलपत्र दाखिला हुन नआएकोले यस कार्यालयले नै वडा कार्यालयले सिफारिस गरेको व्यक्तिलाई नियुक्ति गरी निजले संकलन गर्ने गरी प्रत्येक ट्रिपको ट्र्याक्टरको लागि रु.५६५ र ट्रिपर/ट्रकको लागि रु. १६९५ बराबरको रसिद काट्ने र घाटगद्दीको व्यवस्थापन सम्बन्धित वडाले नै गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा रेसुङ्गा नगरपालिकालाई पि. सि. आर. मेसिन व्यवस्थापन गर्नको लागि विपद् व्यवस्थापन कोषबाट रु. ५०००००/— अक्षरुपी पाँच लाख मात्र रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सभाहल पार्टिसन लगायत अन्य व्यवस्थापनको लागि लागत अनुमान बमोजिमको अपुग रकम प्रशासनिक भवन निर्माण शिर्षकबाट खर्च गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा आयोजना कार्यान्वयन सम्भव भए सम्म उपभोक्ता समितिबाटै गर्ने गराउने सम्भव नभएको अवस्थामा टेन्डर प्रक्रियाबाट गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा लागत सहभागिताको लागि उपयुक्त स्रोतको खोजी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा सडकको दाँया बाँया रहेका अनावश्यक सामान राखेर सडक अतिक्रमण गर्दा सडकमा दुर्घटना हुने गरेको, सडक कुरुप हुँदै गएको तथा जनता र यातायात व्यवसायीबाट समेत गुनासो आएकाले उक्त सामानहरु अविलम्ब हटाउनको लागि अनुरोध गर्ने र नहटाएमा गाउँपालिकाले हटाई अतिक्रमण गर्ने व्यक्तिलाई जरिवाना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा अधुरो र विग्रेका कार्यहरु पुरा गरी इस्टिमेटको परिमाण भन्दा बढि भएकोले प्राविधिक मुल्यान्कन र कार्य सम्पन्न प्रतिवेदनको आधारमा कामको १० प्रतिशत सम्म VO निर्णय गरियो ।

निर्णय नं. ८: क) प्रस्ताव नं. ९ माथि छलफल गर्दा जनता आवास कार्यक्रमको १९५ घरधुरीलाई आएको बजेट अनुसार प्रत्येक वडाहरुमा बाँकी रहेको खरका छानाको घरहरको संख्याका आधारमा तपसिल बमोजिमका घरधुरी संख्या छनौट गर्ने निर्णय गरियो ।

तपसिलः

| क स | वडा नं. | छनौट घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | २७ | |
| २ | २ | ३८ | |
| ३ | ३ | ३७ | |
| ४ | ४ | १९ | |
| ५ | ५ | १९ | |
| ६ | ६ | १९ | |
| ७ | ७ | १५ | |
| ८ | ८ | १५ | |
| जम्मा | | १८९ | |

ख) ब्रिटिस वेलफेयरले खानेपानी तथा सरसफाई कार्यक्रम संचालन गर्नको लागि अनुमति माग गरेकोले उक्त संस्थालाई कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।